नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण बिभाग

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

नं. वडा गण्डकी गाउँपालिका

गोरखा जिल्ला गण्डकी प्रदेश

व्यक्तिगत घटना दर्ताको लागि देहाय बमोजीमका सूचक हुन सक्दछन् ।

| **व्यक्तिगत घटना** | **सूचक बन्न सक्ने व्यक्ति** | **आबश्यक पर्ने प्रमाण कागज** | **लाग्ने दस्तुर** |
|---|---|---|---|
| **जन्म** | - बुवा–आमा, बाजे वा परिवारको मुख्य व्यक्ति र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्ति,<br>- धर्मपुत्र पुत्रीको जन्म दर्ता गर्न कानून बमोजिम पारित लिखत समेत राखी धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु वा आमाले,<br>- बाबु आमा र वंशजतर्फ कोही पनि नभएकाको हकमा सम्बन्धित वडा सदस्यको सिफारिशको आधारमा सम्बन्धित वडाको अध्यक्ष , निजको पद रिक्त भएको अवस्थामा वडा सचिव र नगरपालिकाको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडा सदस्यको सिफारिशको आधारमा सम्बन्धित नगरपालिकाको प्रमुख वा उपप्रमुख र निजहरुको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिशको आधारमा कार्यकारी अधिकृत र वडा सचिवको व्यवस्था नभएको नगरपालिकाको हकमा कार्यकारी अधिकृत । | १. बावु र आमाको नागरिकताको फोटोकपी सहित सक्कल प्रमाण पत्र । आमाको नागकिता नबनेको अबस्थामा बिवाह दर्ता प्रमाण पत्र र जन्म दर्ता प्रमाण पत्र । २. बावु वा आमा बाहेक यसमा उल्लेखित अन्य व्यक्ति सूचक भै आएमा सूचकको नागरिकताको फोटोकपी सहित सक्कल प्रमाण पत्र । ३. रित पूर्वक भरेको अनुसूची फारम । | ३५ दिन भित्र नि:शुल्क त्यस पछि रु. १००। |
| **मृत्यु** | - परिवारको मुख्य व्यक्ति र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्ति,<br>- आमा बाबुको मृत्यु भएको सूचना दिने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा विवाहित छोरी समेत,<br>- विवाहित दिदी बहिनीको मृत्युका सम्बन्धमा वंशज तर्फ कोही पनि नभएको प्रमाणित भएको खण्डमा माईती तर्फका दाजु भाई समेत,<br>- बाबु आमा र वंशजतर्फ कोही पनि नभएकाको हकमा सम्बन्धित वडा सदस्यको सिफारिशको आधारमा सम्बन्धित वडाको अध्यक्ष वा निजहरुको पद रिक्त भएको अवस्थामा वडा सचिव र नगरपालिकाको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडा सदस्यको सिफारिशको आधारमा सम्बन्धित नगरपालिकाको प्रमुख वा उपप्रमुख र निजहरुको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिशको आधारमा कार्यकारी अधिकृत र वडा सचिवको व्यवस्था नभएको नगरपालिकाको हकमा कार्यकारी अधिकृत । | १.मृतकको नागरिकताको फोटोकपी सहित सक्कल प्रमाण पत्र वा जग्गा धनि प्रमाण पूर्जा वा, परिचय खुल्ने प्रमाण । २. सूचकको नागरिकताको फोटोकपी सहित सक्कल प्रमाण पत्र । ३. रित पूर्वक भरेको अनुसूची फारम । | |
| **विवाह** | - पति र पत्नी दुवै,<br>- वेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न पति वा पत्नी एक्लै (सर्जमिन मुचुल्का सहित), पतिले विवाह दर्ता गर्न ईन्कार गरेको अवस्थामा नाता कायम प्रमाणपत्र वा सम्मानित अदालतको फैसलाको प्रमाणपत्र भएमा पत्नी एक्लैले । | १.पति पत्नी दुवैको नागरिकताको फोटोकपी सहित सक्कल प्रमाण पत्र । पत्नीको नागरिकता नबनेको अबस्थामा पत्नीको बाबु वा आमा वा दाजु वा भाई मध्य माईत तर्फको बंशज खुल्ने व्यक्तिको नागरिकताको सक्कल प्रमाण पत्र र जन्म दर्ता प्रमाण पत्र । २. सूचकको नागरिकताको फोटोकपी सहित सक्कल प्रमाण पत्र । ३. रित पूर्वक भरेको अनुसूची फारम । | |
| **सम्बन्ध बिच्छेद** | - पति वा पत्नी मध्ये कुनै एक (तर अदालतले सम्बन्ध विच्छेदको फैसला गरेको कागजात जरुरी हुन्छ ।<br>- दौत्य सम्बन्ध भएको मुलुकको अदालतमा सम्बन्ध विच्छेद गर्ने नेपाली नागरिकको हकमा राजदुतावासबाट प्रमाणित अदालतको फैसलाको आधारमा पति वा पत्नीले, | १. सम्बन्ध बिच्छेद भएको सम्मानित अदालतको फैसला को प्रतिलिपी सहित सक्कल प्रती । २. सूचकको नागरिकताको फोटोकपी सहित सक्कल प्रमाण पत्र । ३. रित पूर्वक भरेको अनुसूची फारम । | |
| **बसाईसराइ** | - परिवार सबै बसाईसराइ गर्ने भए परिवारको मुख्य व्यक्तिले,<br>- व्यक्ति एक्लै बसाइँ सराईं गर्ने भए व्यक्ति स्वयम्ले । | १. बसाँई सराई गरि जाने परिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपी सहित सक्कल प्रती वा जन्म दर्ता प्रमाण पत्र वा परिचय खुल्ने अन्य प्रमाण । २. बसाँई सराई गरि जाने ठाँउको जग्गा धनि प्रमाण पूर्जा वा बसोवास गरेको प्रमाण । ३. सूचकको नागरिकताको फोटोकपी सहित सक्कल प्रमाण पत्र । ४. रितपूर्वक भरेको अनुसूची फारम । | |